बागमती प्रदेश

# अर्थ बुलेटिन

वर्ष-१, अंक-१, आर्थिक वर्ष २०८३/८४ श्रावण, २०८३




## बागमती प्रदेशको वर्तमान आर्थिक परिदृश्य

### प्रदेश सरकारको खर्च

१. आर्थिक वर्ष २०८३/८४ को श्रावण महिनामा बागमती प्रदेश सरकार अन्तर्गतका कुनै पनि निकायको खर्च भएको छैन। मन्त्रालय तथा मातहतका कार्यालय/निकायहरुको पुनर्संरनचा र संगठन तथा व्यवस्थापन सर्वेक्षण लगायतका कार्यको अन्तिम टुङ्गो लागि नसकेका कारण यस महिनामा प्रदेश सरकारको खर्च नभएको हो। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो खर्च कुल विनियोजनको ०.०६ प्रतिशत अर्थात् रु. ३ करोड ८७ लाख ३४ हजार भएको थियो।

**तालिका (क): पछिल्लो ३ आर्थिक वर्षको श्रावण महिनाको खर्च स्थिति** (रू. लाखमा)

| खर्च शीर्षक | २०८१/८२ श्रावण | २०८२/८३ श्रावण | २०८३/८४ श्रावण |
|---|---|---|---|
| चालु | १६०.७४ | ३१५.३४ | ०.०० |
| पूँजीगत | ७.८३ | ७२.०० | ०.०० |
| स्थानीय तह अनुदान | ०.०० | ०.०० | ०.०० |
| जम्मा खर्च | १६८.५७ | ३८७.३४ | ०.०० |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८३

२. चालु आर्थिक वर्षको श्रावण महिनामा बागमती प्रदेश सरकारको चालु, पुँजीगत तथा स्थानीय तह अनुदानतर्फ कुनै पनि रकम खर्च/निकासा भएको छैन। आर्थिक वर्ष २०८२/८३ को श्रावण महिनामा भने यस्तो खर्च चालुतर्फ विनियोजनको ०.१२ प्रतिशत र पुँजीगततर्फ विनियोजनको ०.०२ प्रतिशत भएको थियो।

**तालिका (ख): पछिल्ला २ आर्थिक वर्षको श्रावण महिना सम्मको खर्चको तुलना**

| खर्च शीर्षक | २०८२/८३ श्रावण | | २०८३/८४ श्रावण | | |
|---|---|---|---|---|---|
| | कुल खर्च (रू. लाखमा) | विनियोजनको तुलनामा खर्च प्रतिशत | कुल खर्च (रू. लाखमा) | विनियोजनको तुलनामा खर्च प्रतिशत | २०८२/८३ को तुलनामा खर्च वृद्धि प्रतिशत |
| चालु | ३१५.३४ | ०.१२ | ०.०० | - | - |
| पुँजीगत | ७२.०० | ०.०२ | ०.०० | - | - |
| स्थानीय तह अनुदान | ०.० | ०.०० | ०.०० | - | - |
| कुल खर्च | ३८७.३४ | ०.०६ | ०.०० | - | - |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८३

### प्रमुख आर्थिक झलकहरू

- बागमती प्रदेश सरकारले मन्त्रालय/कार्यालय/निकाय हरुको पुनर्संरनचा र संगठन तथा व्यवस्थापन सर्वेक्षण लगायतका कार्यको अन्तिम टुङ्गो लागि नसकेका कारण आर्थिक वर्ष २०८३/८४ को श्रावण महिनामा बागमती प्रदेश सरकार अन्तर्गतका कुनै पनि निकायको खर्च भएको छैन।
- चालु आर्थिक वर्ष को श्रावण मसान्तसम्म प्रदेश सरकारको आय गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १२.७८ प्रतिशतले संकुचन भएको छ। यस अवधिमा राजश्व बाँडफाँटबाट रू. ६० करोड १६ लाख, प्रदेश सरकारको आन्तरिक स्रोतबाट २६ करोड ६० लाख र अन्यस्रोतबाट रू. ३२ लाख गरी जम्मा रू. ८७ करोड ८ लाख आय प्राप्त भएको छ, जुन वार्षिक अनुमानको १.३० प्रतिशत हो।
- २०८३ श्रावण महिनामा बागमती प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिती ५.२९ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति १.६७ प्रतिशत रहेको थियो।

**प्रकाशन तथा सम्पादन**

आर्थिक विश्लेषण तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा

इमेल: arthikvislesana.moeap@bagamati.gov.np फोन नं.: ०५७-५२७५१८

## प्रदेश सरकारको आय

३. आर्थिक वर्ष २०८३/८४ को श्रावण मसान्तसम्म प्रदेश सरकारको आय गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १२.७८ प्रतिशतले संकुचन भएको छ। यस अवधिमा राजश्व बाँडफाँटबाट रू. ६० करोड १६ लाख, प्रदेश सरकारको आन्तरिक स्रोतबाट २६ करोड ६० लाख र अन्यस्रोतबाट रू. ३२ लाख गरी जम्मा रू. ८७ करोड ८ लाख आय प्राप्त भऐको छ, जुन वार्षिक अनुमानको १.३० प्रतिशत हो। अघिल्लो आर्थिक वर्षको श्रावण महिनामा राजश्व बाँडफाँटबाट रू. ६४ करोड ४४ लाख, प्रदेश सरकारको आन्तरिक स्रोत बाट ३३ करोड ४३ लाख र अन्य आय रू. १ करोड ९५ लाख गरी प्रदेश सरकारलाई कुल रू. ९९ करोड ८४ लाख आय प्राप्त भएको थियो।

**तालिका (३):प्रदेश सरकारको वार्षिक अनुमान र श्रावण महिनाको प्राप्ति**

| आय शीर्षक | आर्थिक वर्ष २०८३/८४ को वार्षिक अनुमान (रू. करोडमा) | श्रावण महिनाको प्राप्ति (रू. करोडमा) | | २०८३/८४ को अनुमानको तुलनामा प्राप्ति प्रतिशत | २०८२/८३ को तुलनामा प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | | |
| बाँडफाँटबाट प्राप्त राजश्व | ३२६३.७६ | ६४.४४ | ६०.१६ | १.८४ | -६.६४ |
| प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजश्व | ५२५.३० | ३३.४३ | २६.६० | ५.०६ | -२०.४३ |
| संघीय अनुदान | १५३१.४८ | ०.०० | ०.०० | - | ०.०० |
| नगद मौज्दात तथा अन्य | १३७२.७९ | १.९५ | ०.३२ | ०.०२ | -८३.५८ |
| **जम्मा** | ६६९३.३३ | ९९.८४ | ८७.०८ | १.३० | -१२.७८ |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८३

४. आर्थिक वर्ष २०८३/८४ श्रावण महिनामा प्राप्त कुल राजस्व रू. ८६ करोड ७५ लाखमध्ये कर राजस्व रू. ५९ करोड ७६ लाख र गैरकर राजस्व रू.२६ करोड ९९ लाख रहेको छ। संघीय सरकारबाट प्राप्त हुने अनुदान यस महिनामा प्राप्त भएको छैन। अघिल्लो वर्षको सोही अवधिको तुलनामा कर राजस्व ४.५६ प्रतिशत र गैरकर राजस्व २३.४ प्रतिशतले न्यून प्राप्त भएको छ। आर्थिक वर्ष २०८२/८३ को श्रावण महिनामा कर राजस्व रू. ६२ करोड ६२ लाख र गैरकर राजस्व रू. ३५ करोड २६ लाख प्राप्त भएको थियो।

**तालिका (४): पछिल्लो ३ आर्थिक वर्षको साउनसम्मको राजस्व सङ्कलन तथा अन्य आय प्राप्ति (रू. करोडमा)**

| विवरण | २०८१/८२ श्रावण | २०८२/८३ श्रावण | २०८३/८४ श्रावण |
|---|---|---|---|
| कर राजस्व | ५९.६० | ६२.६२ | ५९.७६ |
| गैरकर राजस्व | ३३.४६ | ३५.२६ | २६.९९ |
| **कुल राजस्व** | ९३.०६ | ९७.८८ | ८६.७५ |
| संघीय अनुदान | ०.०० | ०.०० | ०.०० |
| नगद मौज्दात तथा अन्य | ३.७७ | १.९५ | ०.३२ |
| **प्रदेश सरकारको कुल आय** | ९६.८३ | ९९.८४ | ८७.०८ |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८३

## प्रदेशगत मुद्रास्फीति

५. २०८३ श्रावण महिनामा बागमती प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिती ५.२९ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति १.६७ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा प्रदेशगत आधारमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति सबैभन्दा बढी मधेश प्रदेशको ६.९४ प्रतिशत र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशको ४.६१ प्रतिशत रहेको छ।

**तालिका (ग): वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीती** (प्रतिशत)

| प्रदेश | २०८२ श्रावण | २०८३ श्रावण |
|---|---|---|
| कोशी | २.८४ | ६.८४ |
| मधेश | १.८६ | ६.९४ |
| बागमती | १.६७ | ५.२९ |
| गण्डकी | १.०३ | ५.८३ |
| लुम्बिनी | १.३५ | ६.२१ |
| कर्णाली | १.७९ | ५.५९ |
| सुदूरपश्चिम | ०.३१ | ४.६१ |
| **समग्र मुद्रास्फीति** | १.६८ | ५.९६ |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३